# सामुदायिक विद्यालयहरुमा करार शिक्षक तथा कर्मचारी छनौट कार्यबिधि २०८०

प्रमाणीकरण र प्रकाशन मितिः २०८०।०४।२६

**प्रस्तावनाः**

नेपालको संबिधान २०७२ को अनुसुची ९ मा भएको ब्यवस्था तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफ २ (ज) मा भएको ब्यवस्था बमोजिम आधारभुत र माध्यमिक तहको शिक्षासम्बन्धी ब्यवस्थालाई कार्यान्वयन गरी अजिरकोट गाउँपालिका भित्र सञ्चालित सामुदायिक विद्यालयहरुमा करार सेवामा (अस्थायी करार, संघिय शिक्षण सिकाइ अनुदान र गाउँपालिका अनुदान) कोटामा योग्य शिक्षक र सक्षम तथा दक्ष विद्यालय कर्मचारी (विद्यालय सहायक, बाल कक्षा सहजकर्ता र विद्यालय सहयोगी) नियुक्ति गर्न नियुक्ति प्रकृयालाई मर्यादित, ब्यवस्थित र पारदर्शी बनाइ अजिरकोट गाउँपालिका भित्रको सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर शुदृढ गर्ने उदस्यले अजिरकोट गाउँपालिकाले यो कार्यबिधि बनाइ लागु गरिएको छ।

**१), संक्षिप्त नाम र प्रारम्भः**

१) यो कार्यबिधिको नाम "सामुदायिक विद्यालयहरुमा करार शिक्षक तथा कर्मचारी छनौट कार्यबिधि २०८०" रहेको छ।

२) यो कार्यबिधि अजिरकोट गाउँपालिका भर लागु हुने छ।

३) यो कार्यबिंधि तुरुन्त लागु हुने छ।

**२), परिभाषाः**

१), विषय र प्रसंगले अर्को अर्थ नलागेमा यो कार्यबिंधिमा

क, "गाउँपालिका" भन्नाले अजिरकोट गाउँपालिकालाई सम्झनु पर्दछ।

ख, "कार्यपालिका" भन्नाले अजिरकोट गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ।

ग, "अध्यक्ष" भन्नाले अजिरकोट गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ।

घ, "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले अजिरकोट गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनु पर्दछ।

ङ, "शिक्षा शाखा" भन्नाले अजिरकोट गाउँपालिकाको शिक्षा हेर्ने बिभाग वा शाखालाई सम्झनु पर्दछ।

च, "शिक्षा प्रमुख" भन्नाले अजिरकोट गाउँपालिकाको शिक्षा शाखाको प्रमुखलाई सम्झनु पर्दछ।

छ, "शिक्षक " भन्नाले नेपाल सरकार वा गाउँपालिका बाट तलब भत्ता खाई समुदायिक विद्यालयमा अध्यापन गराउने शिक्षकलाई सम्झनु पर्दछ।

ज, "विद्यालय कर्मचारी" भन्नाले नेपाल सरकार वा गाउँपालिका बाट तलब भत्ता खाई समुदायिक विद्यालयमा कार्यरत रहने विद्यालय सहायक, बाल कक्षा सहजकर्ता र विद्यालय सहयोगी  कर्मचारीलाई सम्झनु पर्दछ।

झ, "शिक्षक छनौट परीक्षा" भन्नाले करारको शिक्षक तथा विद्यालय कर्मचारी नियुक्त गर्न लिइने लिखित, मौखिक तथा प्रयोगात्मक परीक्षा सम्झनु पर्दछ।

ञ, "सामुदायिक विद्यालय" भन्नाले स्थानिय तह वा ब्यवस्थापन समितिले जिम्मा लिएको विद्यालयलाई सम्झनु पर्दछ।

ट, "विद्यालय ब्यवस्थापन समिति" भन्नाले सामुदायिक विद्यालय सञ्चालन, ब्यवस्थापन तथा रेखदेख गर्न गठित विद्यालय ब्यवस्थापन समिति सम्झनु पर्दछ।

ठ, “प्रधानाध्यापक” भन्नाले गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुको प्रधानाध्यापकलाई सम्झनु पर्दछ।

**३), दरबन्दी एकिन, पहिचान र बितरणः**

१) स्थायी शिक्षक राजिनाम दिइ अनिबार्य अवकास भई वा अन्य कुनै कारणले शिक्षण पेशा छाडी शिक्षक दरबन्दी रिक्त हुन आएमा सो को जनाकारी विद्यालयले शिक्षा शाखालाई गराइ शिक्षक पदपुर्तिको लागी निबेदन सहित माग गर्नु पर्नेछ।

२) शिक्षण सिकाइ अनुदान वा गाउँपालिका अनुदान कोटामा शिक्षक पद रिक्त हुन आएमा विषय यथावत राख्ने भए बि.ब्य.स. को निर्णय सहित शाखा समक्ष सो को जानकारी गराइ शिक्षक पदपुर्तिको लागी निबेदन सहित माग गर्ने यदि रिक्त हुन आएको दरबन्दीमा विषय परिवर्तन गरि शिक्षक नियुक्त गर्नु पर्ने भएमा विद्यालय ब्यवस्थापन समितिको निर्णय सहित पेश गर्नु पर्नेछ।

३) उपदफा २ बमोजिम प्राप्त निबेदन हाल कायम रहेको भन्दा थप गाउँपालिका अनुदान कोटाको लागि भएमा सो बिषय उपर गाउँ शिक्षा समितिले छलफल गरि आवश्यकताका आधारमा दरबन्दी स्विकृतीका लागि कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ।

**४), दरखास्त आह्वान**

१), विद्यालयबाट प्राप्त निबेदनहरु माथी आवश्यक प्रकृया पुरा गरि गाउँपालिकाले आफ्नो सूचना पाटी, वयबसाइट तथा सार्बजनिक सञ्चारका माध्यमबाट १५ दिनको म्याद राखी सार्बजनिक सूचना प्रकाशित गरि दरखास्तको लागि आह्वान गर्नेछ।

२), बिज्ञापन आह्वान गर्दा प्रत्येक महिना मसान्त र सो दिन सार्बजनिक बिदा परेमा सो पछी कार्यालय खुलेको पहिलो दिन बिज्ञापन आह्वान गरिनेछ, तर पहिलो पटकका लागी बिज्ञापन प्रकाशित गर्दा शिक्षा समितिको निर्णय अनुसार बिज्ञापन गरिनेछ र तत्पश्चात विद्यालयको माग बमोजिम तोकिएको समयमानै बिज्ञापन गरिनेछ।

३), योग्य उमेदवारले रितपुर्बक अनुसुची १ बमोजिमको ढाँचामा गाउँपालिकामा दरखास्त पेश गर्नु पर्नेछ।

४), उपदफा १ बमोजिम गरिएको बिज्ञापनमा शिक्षण सिकाइ अनुदान र गाउँपालिका अनुदान (बिज्ञान, गणित र अंग्रेजी) कोटामा अध्यापन अनुमती पत्र अनिबार्य गरिने छैन तर अध्यापन अनुमती पत्र सहितको दरखास्त परेमा बाँकी दरखास्त स्वतः रद्द हुनेछ।

५), उपलफा १ बमोजिम गरिएको बिज्ञापनमा शिक्षक सेवा आयोगबाट लिइएको परीक्षामा सफल भइ करार सुचीमा सुचीकृत ब्यक्तिको उमेदवारी परेमा परीक्षा नलिइ सुचीको योग्यताक्रमका आधारमा पहिलोलाई नियुक्त गरि बाँकी दरखास्त रद्द गरिनेछ।

६), उपदफा ४ र ५ बमोजिम रद्द भएको दरखास्तको दस्तुर फिर्ता गरिनेछ।

**५), उमेदवारको लागि आवश्यक योग्यता तथा कागजातहरुः**

१), शिक्षक पदमा दरखास्त दिन आवश्यक न्युनतम योग्यता शिक्षक सेवा आयोगले निर्धारण गरे बमोजिम हुने छ तर शिक्षण सिकाइ अनुदान र गाउँपालिका अनुदान (बिज्ञान, गणित र अंग्रेजी) कोटाको हकमा अध्यापन अनुमती पत्र दफा ४ को उपदफा ३ बमोजिम हुनेछ।

२), शैक्षीक योग्यता तथा कागजातहरु संघिय कानुन बमोजिम हुनेछ।

३), परीक्षामा सहभागी हुन चाहाने उमेदवारले गाउँपालिकाबाट निरधारीत दरखास्त फारम भरी तोकिए बमोजिमको दस्तुर र प्रक्रिया पुरा गरी निर्धारित समयमा नै दरखास्त बुझाउनु पर्नेछ। म्याद नाघी आएको दरखास्त उपर कुनै कारबाही हुने छैन।

**६) शिक्षक छनौट समितिः**

१), गाउँपालिका भित्र सञ्चालित सामुदयिक विद्यालयहरुमा करार, संघिय शिक्षण सिकाइ तथा गाउँपालिक अनुदान लगायतका शिक्षक तथा विद्यालय कर्मचारीहरु नियुक्तिका लागि अजिरकोट गाउँपालिका गाउँ शिक्षा ऐन (पहिलो संशोधन २०८०) को परिच्छेद "७" दफा ३२ बमोजिम एक शिक्षक कर्मचारी छनौट समिति रहने छ।

२), विषय बिज्ञ मनोनित गर्दा शिक्षक माग गर्ने विद्यालय भन्दा बाहिरबाट पर्ने गरी शिक्षक छनोट समितिले मनोनित गर्नेछ।

३), शिक्षक छनौट समितिको सचिबालय शिक्षा शाखामा रहने छ।

४), शिक्षक छनौट समितिले लिखित, अन्तरबार्ता र आवश्यकता अनुसार प्रयोगात्मक परीक्षा लिनेछ।

५), शिक्षक छनौट समितिको बैठक तथा सेवा सुबिधा देहाय बमोजिम हुनेछ।

अ) परीक्षा समितिको बैठक सम्बन्धि ब्यवस्था

१ पहिलो बैठक- बिज्ञापन प्रकासित गर्न, परीक्षा मिति र परीक्षा केन्द्र कायम गर्न।

२ दोस्रो बैठक- प्रश्न पत्र निर्क्योल, परीक्षार्थीको सिम्बोल नम्बर कायम गर्न।

३ तेस्रो बैठक- प्रथम पत्रको परीक्षा सञ्चालन गरि उत्तरपुस्तिका परीक्षण र नतिजा प्रकाशन गर्न।

४ चौंथो बैठक- दोस्रो पत्रको परीक्षा सञ्चालन, उत्तरपुस्तिका परीक्षण र नतिजा प्रकासन गर्न।

५ पाचौं बैठक अन्तरबार्ता सञ्चालन गरी शिक्षक सिफारिस गर्न।

आ), आवश्यक समन्वय र सञ्चार गर्ने जिम्मेवारो शिक्षा शाखाको हुनेछ।

इ), शिक्षक छनौट समितको पदाधिकारी हरुको बैठक भत्ता गाउँपालिकाको नियमानुसार हुनेछ।

**७), पाठ्यक्रम तथा परीक्षाः**

१), शिक्षक छनौटका लागि लिइने परीक्षाको पाठ्यक्रम तथा परीक्षा प्रणाली शिक्षा सेवा आयोगले निर्धारण गरे बमोजिम नै गरिनेछ।

२), उपदफा १ बमोजिम लिइने परीक्षा लिखित र मौखिक हुने छ । परीक्षा समितिले आवश्यक ठानेमा प्रयोगात्मक परीक्षा लिन सक्नेछ।

**८), परीक्षा केन्द्रः**

१), लिखित तथा अन्तरबार्ता लगायतका सम्पुर्ण परीक्षा सम्बन्धी कार्यक्रमहरु परीक्षा समितिले निर्भारण गरेको स्थानमा सञ्चालन गरिने छ।

**९), प्रश्नपत्रः**

प्रश्नपत्रको ब्यवस्थापन देहाय बमोजिम गरिनेछः

१), शिक्षक छनौट परीक्षा सञ्चालनका लागि प्रथम पत्रको प्रश्नपत्र तयार गर्दा शिक्षा शाखाले प्रकाशित गरेको षयबिज्ञहरुको सुची मध्यबाट बाट कम्तीमा परीक्षा समितिले तोकेको ५ जना संग ५/५ सेट प्रश्न पत्र शिक्षक सेवा आयोगको पाठ्यक्रम बमोजिम हुने गरी उत्तर कुन्जिका सहित माग गर्ने।

२), यसरी प्रप्त प्रश्नपत्रको शुद्धता र बैधता परीक्षा समितिले परीक्षण गरि प्रश्नपत्रलाई छुटाछुटै खाममा सिलबन्दी गरी सो खामहरु मध्य १ सेट खाम गाउँपालिका अध्यक्ष, उपाध्यक्ष वा प्रमुख प्रशासकिय अधिकृतले उपलब्धताको आधारमा छानी सो खामलाई प्रमाणित गर्ने।उल्लेखित पदाधिकारीहरु सो समयमा उपलब्ध नभएमा अध्यक्षले तोकेको शिक्षा अधिकृत बाहेकको अधिकृत स्तरको कर्मचारीद्वारा सो कार्य गराइनेछ।

३), दोस्रो पत्रको प्रश्नपत्र तयार गर्दा बिज्ञापन प्रकाशित भए पश्चात परीक्षा समितिले शिक्षा शखाले सुचिकृत गरेको बिज्ञहरुमध्यबाट तह र विषय मिलाई ५/५ सेट प्रश्नपत्र शिक्षा सेवा आयोगको ढाँचामा माग गरी दफा २ मा गरिएको ब्यवस्था अनुसार नै प्रश्न पत्र छनौट गरिनेछ।

४), प्रश्नपत्र निर्माणको पारिश्रमिक गाउँपालिकाले तोके बमोजिम हुनेछ।

**१०) परीक्षा सञ्चालनः**

१), परीक्षा समिति संयोजक वा निजले तोकेको सदस्यको जिम्मामा रहेको सिलबन्दी प्रश्नपत्र शिक्षक छनौट समितिको रोहवरमा परीक्षा सञ्चालन हुनुभन्दा ३० मिनेट अगाडी खोली निर्धारीत प्रश्नपत्र परीक्षा सञ्चालन गर्ने प्रतिनिधीलाई प्रदान गर्नु पर्नेछ।

२), प्रश्नपत्रको गोपनियता कायम गर्न दायित्त्व शिक्षक छनौट समिति र परीक्षा सञ्चालन गर्ने कर्मचारीको हुनेछ।यदि सो कार्यमा कुनै बदनियत रहेको पाइएमा शिक्षण सेवा आयोगले प्रमाण सहित आवश्यक कारवाहीका लागी गाउँपालिका समक्ष सिफारिस गर्ने छ।

**११), उत्तरपुस्तिका परीक्षण र अङ्कनः**

१), प्रथम पत्रको परीक्षाको लागि उत्तरपुस्तिका अनुसुची २ बमोजिम हुनेछ।

२), उत्तरपुस्तिका परीक्षणको लागी उत्तरपुस्तिका कोडिङ गरिनेछ।

३), प्रथम पत्रको उत्तरपुस्तिका परीक्षा समितको रोहवरमा उत्तर कुन्जिकालाई आधार मानी शिक्षा शाखामा नै गरिने छ।

४), दोस्रो पत्रको उत्तरपुस्तिका शिक्षा शाखाले प्रकासित गरेको विषय बिज्ञहरुको सुची मध्येबाट परिक्षा समितिले छनौट गरेको सम्बन्धित विषय बिज्ञद्वारा स्वयम उपस्थित भइ शिक्षा अधिकृतको रोहवरमा गाउँपालिका हाता भित्र परीक्षण गरी अङ्कन गरिने छ।परीक्षण गरिएको उत्तरपुस्तिका परिक्षा समितिले चाहेमा पुनः तेस्रो पक्षबाट सम् परीक्षण गराउन सक्नेछ।

**१२), अन्तरवार्ताः**

१), करार शिक्षक छनौट गर्दा अन्तरवार्ताको लागि शिक्षक सेवा आयोगले निर्धारण गरे बमोजिम १० अङ्कभार निर्धारण गरिने छ। यसरी तोकिएको अङ्कभार अनुसार उमेदवारलाई अङ्क प्रदान गर्दा ४ भन्दा कम र ७ भन्दा बढी अङ्क प्रदान गरिने छैन।

२), उपदफा १ बमोजिम कम वा बढी अङ्क दिनु परेमा अन्तरवार्ताकारले स्पस्ट कारण खुलाउनु पर्ने छ।

३), अन्तरवार्ता समतितमा परीक्षा समितिको सबै सदस्यहरु रहने छन। उक्त समितिले दफा १२ को उपदफ १ बमोजिम अङ्क भार रहने गरि अन्तरवार्ता लिनेछ।

४), उपदफा २ बमोजिमको समितिले लिएको अन्तरवार्ताको कुल प्राप्ताङ्कलाई जोडेर औसत प्राप्ताङ्क निकालिनेछ।

**१३), योग्यताक्रम निर्धारणः**

१), उमेदवारले लिखित परीक्षा र अन्तरवार्तामा प्रप्त गरेको अङ्कलाई जोडेर एकिकृत प्राप्ताङ्क निकालानेछ। यसरी प्रप्त गरेको प्रप्ताङ्कका आधारमा उच्तम अङ्कलाई १ नम्बरमा राखी क्रमशः हुने गरि उमेदवारको योग्यताक्रम कायम गरिनेछ।

२), उपदफा १ बमोजिम कायम गरिएको योग्यताक्रममा जुन उमेदवारको प्राप्ताङ्क बडी (१ नम्बरमा छ) सोहि उमेदवारलाई नै शिक्षक छनौट समितिले नियुक्तीका लागि गाउँपालिका समक्ष सिफारिस गर्नेछ।

**१४), नियुक्तीः**

१), दफा १३ बमोजिम सिफारिस भएको उमेदवारलाई शिक्षा अधिकृतले तोकिएको विद्यालयमा नियुक्ति गर्नेछ।

**१५), बैकल्पिक उमेदवारा तथा करार सुचीको उमेदवारलाई नियुक्ति गर्न सक्नेः**

१), दफा १४ बमोजिम नियुक्त भएको शिक्षक ७ दिन भित्र सम्बन्धित विद्यालयमा हाजिर हुन नगएमा वा ६ महिनाको अबधी भित्र शिक्षण पेशा छाडेमा वा अन्य कुनै कारणले नियुक्त शिक्षक शिक्षण पेशामा नरहेमा पहिलो स्थानमा रहेको बैकल्पिक उमेदवारले स्वतः नियुक्ति पाउने छ।

२), उपदफा १ बमोजिम नियुक्तिका लागि उमेदवार उपलब्ध नभएमा परीक्षा समितिको सिफारिसमा शिक्षण सेवा आयोगले प्रकाशित गरेको करार सुचिमा रहेका उमेदवार मध्य योग्यता क्रमको आधारमा माध्यमिक र निम्न माध्यमिक तहको हकम विषय समेत मिलाई पहिलोलाई नियुक्ती गरिनेछ।

३), उपदफा १ र २ मा जेसुकै कुरा लेखिएको भएता पनि नियुक्ती गरेको ६ महिना पछि रिक्त भएको दरबन्दीमा कुनै पनि बैकल्पिक वा शिक्षण सेवा आयोगले प्रकाशित गरेको करार सुचीको उमेदवार नियुक्त गरिने छैन।

**१६), दरखास्त, परीक्षा तथा नियुक्ती बदर हुनेः**

१), कुनै पनि उमेदवारले कुनै झुठा विबरण पेश गरि दरखास्त दिएमा, परीक्षामा सहभागी भएमा तथा नियुक्ती भएको प्रमाणित भएमा उक्त उमेदवारको दरखास्त, परीक्षा तथा शिक्षक पद स्वतः बदर हुनेछ।

२), उपदफा १ बमोजिम दरखास्त तथा परीक्षाको हकमा परीक्षा दस्तुर फिर्ता हुने छैन।

३), उपदफा १ बमोजिम बदर भएको शिक्षक पदको हकमा नियुक्ति बदर हुँदाको दिन सम्म खाइपाइ आएको सम्पुर्ण तलब भत्ता गाउँपालिकम फिर्ता गर्नु पर्नेछ।

**१७), करार अबधिः**

१), यस कार्यबिधि अनुसार नियुक्त हुने शिक्षकको करार अबधि एक शैक्षिक सत्र हुने छ।

२), दरबन्दी र संघिय शिक्षण सिकाइ अनुदानमा नियुक्त भएका शिक्षकहरुले करार अबधि गाउँपालिकामा शैक्षिक सत्र सुरु भएको १ महिना भित्र निबेदन दिइ नबिकरण गर्नु पर्नेछ। सो को बोधार्थ विद्यालयमा गराउनु पर्नेछ।

३), गाउँपालिका अनुदान कोटामा नियुक्त शिक्षकले गाउँपालिका संग गरेको करार सम्झौता बमोजिम शैक्षिक उपलब्धी हसिल गराउन नसकेमा त्यस्ता शिक्षकलाई गाउँपालिकाले जुनसुकै बखत हटाउन सक्नेछ। यसरी हटाउँदा निजलाई आफ्नो सफाइ पेश गर्ने मौकाबाट बन्चित गरिने छैन।

४), गाउँपालिका अनुदान कोटामा नियुक्त शिक्षकले गाउँपालिका संग गरेको करार सम्झौता बमोजिम शैक्षिक उपलब्धी हसिल भएमा गाउँपालिकाले करार अबधि थप १ शैक्षिक सत्रका लागि नबिकरण गर्नेछ।

५!, करार नबिकरण नभएका शिक्षक तथा कर्मचारीहरुको तलब भत्ता निकासा गर्न शिक्षा शाखा बाध्य हुने छैन।

**१८), बाधा अड्काउ फुकाउ र ब्याख्याः**

१), यस कार्यबिधिको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा गाउँपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

२), यस कार्यबिधिको कुनै दफा वा उपदफमा दुबिधा उत्पन्न भएमा त्यसको ब्याख्या गर्ने अधिकार गाउँपालिकामा हुनेछ।

३), यस कार्यबिभि लेखिएको कुरा प्रचलित कानुन संग बाझिएमा बाझिएको हक सम्म प्रचलित कानुन बमोजिम हुने र बाँकी यसै कार्यबिधि बमोजिम हुनेछ।

**१९), संशोधनः**

१), यस कार्यबिधिमा गाउँ कार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ।

# अनुसुची १
# अजिरकोट गाउँपालिका
## दफा ४ को उपदफा २ संग सम्बन्धित
## दरखास्तका लागि आबेदन फारम

पासपोर्ट साइजको फोटो

कार्यालय प्रयोजनका लागि

परीक्षार्थीको सिम्बोल नं-

बिज्ञापन नं--

१) नाम थर (देबनागीमा) :-
२) नाम थर (अंग्रेजीमा) :-
३) नागरीकता नं :- जारी मिति :- जनरी गर्ने जिल्ला :-
४) जन्म मिति :- दरखास्त दिने अन्तिम मितिमा उमेदवारको उमेर :-
५) लिङ्ग :-
६) बाबुको नाम थर-- बाबुको पेशा :-
७) आमाको नाम थर-- आमाको पेशा :-
८) स्थायी ठेगाना--प्रदेश :- जिल्ला :- स्थानिय तह :-
वडा नं :- टोल :- सम्पर्क नं :-
९) शीक योग्यताको विबरण-

| क्र.सं | योग्यता | विद्यालय/क्याम्पस | उत्तिर्ण गरेको साल | श्रेणी/Letter Grade | प्राप्ताङ्क प्रतिशत/GPA |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |

१०) दरखास्त दिन चाहेको तह-- दरखास्त दिन चाहेको विषय‘
माथी उल्लेखित विबरण सही छ, झुठो ठहर भएमा प्रचलित कानुन बमोजिम सहुँला बुझाउँला।

........................
पेश गर्नेको दस्तखत
मिति-

........................................................................................................................................

# प्रबेश पत्र

पासपोर्ट साइजको फोटो

सिम्बोल नं :- बिज्ञापन नं‘
परीक्षार्थीको नाम थर :- लिङ्ग‘
ठेगाना :- उमेदवारको दस्तखत--.....................
परीक्षा हुने मिति :- समय‘

**कार्यालयले भर्ने**

अजिरकोट गाउँपालिकाबाट लिइने शिक्षक छनौट परीक्षामा सहभागी हुन तपाइलाई यो प्रबेश पत्र दिइएको छ।बिज्ञापनमा तोकिएको शर्त नपुगेको ठहर भएमा यो प्रबेश पत्र रद्द हुनेछ।

........................
कर्मचारीको दस्तखत

कार्यालयको छाप

अनुसुची २

अजिरकोट गाउँपालिका

दफा ११ को उपदफा १ संग सम्बन्धित

शिक्षक छनोट परीक्षको प्रथम पत्रबो उत्तर पुस्तिका

(पहिलो खण्ड)

परीक्षार्थीको सिम्बोल नम्बर :-

परीक्षार्थीको नाम थर :-

बिज्ञापन नम्बर :- विषय :-

तह :- परीक्षा मिति :-

**केन्द्राध्यक्षले भर्ने**

हल गरिएको प्रश्न :-

छाडिएको प्रश्न :-

**कार्यालयले भर्ने**

कोड नम्बर :-

कोड नम्बर :-

------------------------------------------------------------

## अजिरकोट गाउँपालिका

प्रथम पत्र उत्तरपुस्तिका (दोस्रो खण्ड)

सही विकल्प भएको कोठामा Ⓐ कालो रङ ● भर्नु होस।

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| 1), | Ⓐ Ⓑ Ⓒ Ⓓ | 11), | Ⓐ Ⓑ Ⓒ Ⓓ | 21), | Ⓐ Ⓑ Ⓒ Ⓓ | 31), | Ⓐ Ⓑ Ⓒ Ⓓ | 41), | Ⓐ Ⓑ Ⓒ Ⓓ |
| 2), | Ⓐ Ⓑ Ⓒ Ⓓ | 12), | Ⓐ Ⓑ Ⓒ Ⓓ | 22), | Ⓐ Ⓑ Ⓒ Ⓓ | 32), | Ⓐ Ⓑ Ⓒ Ⓓ | 42), | Ⓐ Ⓑ Ⓒ Ⓓ |
| 3), | Ⓐ Ⓑ Ⓒ Ⓓ | 13), | Ⓐ Ⓑ Ⓒ Ⓓ | 23), | Ⓐ Ⓑ Ⓒ Ⓓ | 33), | Ⓐ Ⓑ Ⓒ Ⓓ | 43), | Ⓐ Ⓑ Ⓒ Ⓓ |
| 4), | Ⓐ Ⓑ Ⓒ Ⓓ | 14), | Ⓐ Ⓑ Ⓒ Ⓓ | 24), | Ⓐ Ⓑ Ⓒ Ⓓ | 34), | Ⓐ Ⓑ Ⓒ Ⓓ | 44), | Ⓐ Ⓑ Ⓒ Ⓓ |
| 5), | Ⓐ Ⓑ Ⓒ Ⓓ | 15), | Ⓐ Ⓑ Ⓒ Ⓓ | 25), | Ⓐ Ⓑ Ⓒ Ⓓ | 35), | Ⓐ Ⓑ Ⓒ Ⓓ | 45), | Ⓐ Ⓑ Ⓒ Ⓓ |
| 6), | Ⓐ Ⓑ Ⓒ Ⓓ | 16), | Ⓐ Ⓑ Ⓒ Ⓓ | 26), | Ⓐ Ⓑ Ⓒ Ⓓ | 36), | Ⓐ Ⓑ Ⓒ Ⓓ | 46), | Ⓐ Ⓑ Ⓒ Ⓓ |
| 7), | Ⓐ Ⓑ Ⓒ Ⓓ | 17), | Ⓐ Ⓑ Ⓒ Ⓓ | 27), | Ⓐ Ⓑ Ⓒ Ⓓ | 37), | Ⓐ Ⓑ Ⓒ Ⓓ | 47), | Ⓐ Ⓑ Ⓒ Ⓓ |
| 8), | Ⓐ Ⓑ Ⓒ Ⓓ | 18), | Ⓐ Ⓑ Ⓒ Ⓓ | 28), | Ⓐ Ⓑ Ⓒ Ⓓ | 38), | Ⓐ Ⓑ Ⓒ Ⓓ | 48), | Ⓐ Ⓑ Ⓒ Ⓓ |
| 9), | Ⓐ Ⓑ Ⓒ Ⓓ | 19), | Ⓐ Ⓑ Ⓒ Ⓓ | 29), | Ⓐ Ⓑ Ⓒ Ⓓ | 39), | Ⓐ Ⓑ Ⓒ Ⓓ | 49), | Ⓐ Ⓑ Ⓒ Ⓓ |
| 10), | Ⓐ Ⓑ Ⓒ Ⓓ | 20), | Ⓐ Ⓑ Ⓒ Ⓓ | 30), | Ⓐ Ⓑ Ⓒ Ⓓ | 40), | Ⓐ Ⓑ Ⓒ Ⓓ | 50), | Ⓐ Ⓑ Ⓒ Ⓓ |

------------------------------------------------------------

**केन्द्राध्क्षले भर्ने**

हल गरिएको प्रश्न =

छोडवएको प्रश्न =

दस्तखत:-

**परीक्षा समिति सदस्यहरु**

**परीक्षा समितिले भर्ने**

सशी उत्तर = प्राप्ताङ्क =

गलत उत्तर = ऋणात्माक अङ्क =

कुल प्राप्ताङ्क =

स्योजक परीक्षा समित

दस्तखत

१), कालो मसिको मात्र प्रयोग गर्नु होला।

२), पहिलो खण्डको सबै विबरण अनिबार्य भर्नु पर्नेछ।

३), प्रत्येक प्रश्नको लागि एउटा बिकल्पमा मात्र मसि भर्नु पर्नेछ, दुई विकल्पमा मसि भरिएमा सो दुवै उत्तर गलत मानिनेछ।

४), उत्तरपुस्तिकाको दोस्रो खण्डमा केरमेट वा कुनै संकेत गरिएको पाइएमा सो उत्तरपुस्तिका रद्द गरिनेछ।